annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक १४०, पृष्ठ ८ | काठमाडौं, बुधबार १ असोज २०८२ | आश्विन कृष्णपक्ष एकादशी, नेपाल संवत् ११४२ | WEDNESDAY, SEPTEMBER 17, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



जेन-जी आन्दोलनका सहिदहरूको राजकीय सम्मानका साथ मंगलबार आर्यघाटमा अन्त्येष्टि गरिँदै। ● अभिषेक महर्जन

## तंग्रिन थाल्यो जलेको सुदूरपश्चिम




**शिवराज भट्ट** | *धनगढी*

जेन-जी आन्दोलनका क्रममा संघीय राजधानीपछि सबैभन्दा बढी क्षति व्यहोर्‍यो सुदूरपश्चिम प्रदेशले। दर्जनौं सरकारी कार्यालय ध्वस्त भए। पूर्वाधारमा क्षति भएका सरकारी कार्यालयहरू पालमुनि सेवा दिन थालेका छन् भने डाटाहरूमा नोक्सानी नभएका सरकारी कार्यालयहरू पनि सेवा दिन थालेका छन्। 'जिल्ला अदालतले सोमबारदेखि नै बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाइ सुरु गरिसकेको छ', अदालतका स्रेस्तेदार चेतराज पन्तले भने।

उनले थुनुवाका हकमा पक्राउ पुर्जी दिने काम पनि सुचारु गरिसकेको बताए। 'थुनुवाको पक्राउ पुर्जी दिने कार्य सुरु भइसकेको छ। हामीले सर्वोच्चको निर्देशनका आधारमा अरू मुद्दाका सबै कार्यहरू स्थगित गरेका छौं। कसैको पनि म्याद, हदम्याद नगुज्रिने गरी अहिले स्थगित गरिएको छ। पछि सूचना प्रकाशित गरेको एक महिनाको समय दिइनेछ', पन्तले भने।

सेवाग्राहीको बढी भीडभाड हुने जिल्ला मालपोत कार्यालय र नापी कार्यालयको काम पनि बिहीबारदेखि सुरु गर्ने तयारी गरिएको छ। अहिले दुवै कार्यालयमा धमाधम सरसफाइ गरेर आगजनी भएको भवनमा रंगरोगनको काम भइरहेको छ। 'नक्सा प्रिन्ट र फिल्डबुक उतारजस्ता कामहरू बिहीबारदेखि सुरु गर्ने तयारीमा छौं। कार्यालयमा क्षति भए पनि नक्सा र अरू डाटाहरू जोगिएका छन्', प्रमुख नापी अधिकृत जनकराज भट्टले भने। मालपोत सञ्चालन भएपछि नापीका सबै कामहरू सञ्चालन हुने उनले बताए।

मालपोत कार्यालयको पूर्वाधारमा क्षति भए पनि, अरू स्रेस्ताहरू अनलाइन सिस्टम भएकाले काममा बाधा नपुग्ने बताइएको छ। 'मालपोतको सबै डाटाहरू सुरक्षित छन्। कम्प्युटरहरू नभएकाले समस्या भएको छ। छिट्टै नागरिकको काम सुरु हुनेछ', मालपोत अधिकृत प्रेमबहादुर दौल्यालले भने। मालपोत कार्यालयमा धमाधम रंगरोगनको काम भइरहेको छ।

जेन-जी युवा पुस्ताको आन्दोलनका क्रममा सुदूरपश्चिमका २ सय ३३ सरकारी तथा निजी भौतिक संरचनामा क्षति भएको थियो भने साढे ६ सय सवारीसाधनमा आगजनी भएको थियो।

» बाँकी पृष्ठ ६

कभर स्टोरी

## देश उठाउन हातेमालो गर्ने एनआरएनएहरूको प्रतिबद्धता

देशमा वैदेशिक लगानी बढ्दै गएको र एनआरएनएहरू पनि लगानीका लागि उत्साहित बन्दै गएका बेला जेन-जी आन्दोलन भयो। घुसपैठ र अराजक समूहले व्यापारिक-व्यावसायिक प्रतिष्ठान, निजी भवन र कलकारखानामा आगजनी र तोडफोड गरे। लगानीको सुनिश्चिततामाथि प्रश्न उठ्यो। तर, देश अप्ठ्यारोमा परेका बेला देशमा लगानीका लागि हातेमालो गर्न तयार रहेको बताउँछन्- एनआरएनएहरू। त्यसका लागि सरकारले वातावरण बनाए केही वर्षमै देशलाई विकसित र समृद्ध बनाउन सकिने उनीहरूको भनाइ छ।

**सुरज भण्डारी** | *अमेरिका*

**- को रिपोर्ट**

समाचार पृष्ठ २



१. अन्जनीकुमार फुँयाल २. अर्जुनकुमार श्रेष्ठ ३. हिक्मत थापा ४. कुमार पन्त ५. रबिना थापा ६. रामेश्वर शाह ७. सोनाम लामा ८. स्वतन्त्र प्रताप शाह ९. उपेन्द्र महतो

## डाक्टर हुनु त सन्दुक जस्तो !

**दिनेश गौतम** | *काठमाडौं*

*के हो अहो! अमृत त्यो सुरदेव पान?*
*सच्चा कमाइ गरिखानु भनेर जान।*
*खोज्छन् सबै सुख त्यो सुख त्यो कहाँ छ?*
*आफू मिटाइ अरूलाई दिनु जहाँ छ।*

महाकवि लक्ष्मीप्रसाद देवकोटाका यी शब्द वरिष्ठ नेत्र रोग विशेषज्ञ डा. सन्दुक रुइतसँग ठ्याक्कै मिल्छन्। उनै डाक्टर रुइत बिरामीको सच्चा सेवामै सुख देख्छन्। सामाजिक सञ्जालमा उनलाई स्वास्थ्य तथा जनसंख्यामन्त्री बनाउनुपर्ने व्यापक चर्चा चलेको छ। तर, उनलाई मन्त्री बन्ने पटक्कै रुचि छैन। 'मैले जे जानेको छुँ, त्यहीँ काम गर्ने हो। आफूले जान्ने काम मात्र गर्छु। त्यसैमा समय बिताउँछु,' ७१ वर्षीय डा. रुइत भन्छन्, 'बिरामीकै सेवा गर्ने हो। आनन्द त्यसैमा छ!'

आज देश-दुनियाँमा 'दृश्यका देवता' (गड अफ साइट) भनेर चिनिन्छन्,उनी। पूर्वी पहाडी जिल्ला ताप्लेजुङको सीमावर्ती गाउँ ओलाङचुङगोलामा जन्मिएका डा. रुइत मंगलबार सामाजिक सञ्जालमा छाए। तर, उनको अर्जुनदृष्टि मन्त्री पद नभई आँखा उपचारमै केन्द्रित छ।

नवनियुक्त प्रधानमन्त्री सुशीला कार्की मोतीविन्दुको शल्यक्रिया गरेको आँखाको 'फलो अप' उपचारका लागि मंगलबार उनै डा. रुइत कार्यरत तिलगंगा आँखा प्रतिष्ठान पुगिन्। त्यहीँ क्रममा एक सञ्चारकर्मीले सोधेको जिज्ञासामा डा. रुइतको अभिव्यक्ति क्षणभरमै भाइरल भयो। 'केही वर्षअघि दुवै आँखाको मोतीविन्दुको शल्यक्रिया गरिएको



थियो। ६/६ महिनाको फलोअपमा उहाँ (प्रधानमन्त्री कार्की) आज आउनुभएको हो। हामीले आँखाको जाँच गरेका हौं,' डा. रुइतले मंगलबार साँझ अन्नपूर्णसँग भने, 'त्यहीँ बेला एक जना सञ्चारकर्मीले क्याबिनेट (मन्त्रीमण्डल)मा आउने हो ? भनेर जिज्ञासा राख्नुभएको थियो। मैले यहाँ यत्रो काम छोडेर कहाँ जाने ? बिरामीकै सेवा गर्छु। छोडेर जाँदैन। भन्ने जवाफ दिएको हुँ।'

डा. रुइत तिलगंगा आँखा प्रतिष्ठानका कार्यकारी निर्देशक हुन्। प्रधानमन्त्री कार्कीको आँखाको डा. रुइत र प्रतिष्ठानकी प्रमुख कार्यकारी अधिकृत तथा वरिष्ठ नेत्र चिकित्सक डा. रिता गुरुङले परीक्षण गरेका हुन्।

» बाँकी पृष्ठ ६

## खोटाङमा दलित महिलाको बलात्कारपछि हत्या

**रत्नप्रसाद आचार्य** | *सुनसरी*

खोटाङको दिप्लुङ चुइचुम्मा गाउँपालिका-४ की २७ वर्षीया दलित महिला रेस्मिका सिवा परियारको सोमबार बलात्कारपछि हत्या भएको अवस्थामा शव फेला परेको छ। उनको शव घर नजिकैको बाटोमुनिको जंगलमा भेटिएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी प्रमुख डीएसपी प्रकाश बुढाथोकीले पुष्टि गरेका छन्।

प्रारम्भिक अनुसन्धानका आधारमा आपराधिक समूहले उनको बलात्कार गरी हत्या गरेको आशंका गरिएको छ। डीएसपी बुढाथोकीका अनुसार घटनास्थलको मुचुल्का संकलन गरेर शवलाई पोस्टमार्टमका लागि जिल्ला अस्पताल खोटाङ पठाइएको छ र घटनामा संलग्नलाई पक्राउ गर्न अतिरिक्त प्रहरी टोली परिचालन गरिएको उनले बताए।

रेस्मिका स्थानीय अजम्बरी साना किसान सहकारीमा काम गर्थिन्। सोमबार बेलुकी ड्युटी सकेर घर फर्कने क्रममा हत्या भएको प्रहरीको अनुमान छ। उनले लगाएको भित्री वस्त्र र चप्पल शव भेटिएको स्थानभन्दा अर्कै ठाउँमा भेटिएकाले घटनामा बलात्कार भएको पुष्टि हुने आधार रहेको प्रहरीको भनाइ छ। अपराधीहरूले हत्या गरेर उनको घाँटीमा सलले बाँधेर घिसार्दै शव बाटोमुनि जंगलमा फालेको प्रहरीले जनाएको छ।

घटनापछि गाउँमा त्रास फैलिएको छ। स्थानीयवासीले अपराधीलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्न माग गरेका छन्।

» बाँकी पृष्ठ ६